# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।



वर्ष-२ | अंक-५० | २०७५ असार १३ गते बुधबार | 27 jun 2018 Wednesday | मूल्य रू. १०/-


# आगामी बजेट सडक केन्द्रित

**मिसन न्यूज**

**कालिकोट**-स्थानीय तहले आगामी आर्थिक वर्ष २०७५/२०७६ को बजेट सडकमा प्राथामिकता दिने तयारी गरेको छ । जिल्लामा नौ वटा स्थानीय तह रहेका छन् । जसमा तिन वटा नगरपालिका र ६ वटा गाउँपालिका रहेका छन् । जिल्लाका नौ वटै स्थानीय तहका लागि जम्मा १ अर्व ८८ करोड ३१ लाख बजेट रहेको छ । जिल्ला सदरमुकाममा रहेको खाँडाचक्र नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट सडकमा प्राथाकिता दिने तयारी गरेको छ ।

प्रत्येक वडा कार्यालय सम्म सडक संजालले जोड्ने तयारी रहेको प्रमुख प्रशासकीय अधिकृत कासीप्रसाद पंगेनीले बताए । पंगनेली भने, 'विकासको पुर्वाधारसंगै सामाजिक क्षेत्रमा पनि बजेट विनियोजन गर्ने तयारी छ । पहिलो कुरा त सडक नै प्राथामिकतामा छ ।' खाँडाचक्रको आर्थिक विकासका लागि गरिवि न्युनिकरणगर्न प्रत्यक्ष नागरिकलाई लाभ हुने खालको बजेट विनियोजनको तयारी गर्न आवश्यक रहेको पंगेनीले बताए । खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को करिव ३८ करोड रहेको छ । जसमा वित्तिय समानिकरण तर्फ साढे १२ करोड, सर्शतमा १५ करोड र राजश्व बाँडफाडमा ६ करोड बजेट रहेको प्रमुख प्रशासकीय अधिकृत पंगेनीले बताए । यस्तै सान्नी त्रिवेणी गाउँपालिकाले पनि सडकलाई नै पहिलो



नरहरिनाथ गाउँपालिकाको लालु(लैफु सडक खन्दै डोजर ।

प्राथामिकतामा राखेको छ । आगामी आर्थिक बर्षका लागि साढे १८ करोड बजेट रहको छ । बजेटलाई सडक केन्द्रित गर्नै गाउँपालिका अध्यक्ष डम्वरबहादुर शाहीले बताए । अध्यक्ष शाहीले उनले भने, 'चालु आर्थिक वर्षमा पनि सडक पहिलो प्राथामिकमा रहेको थियो । बजेट अभाव र भौगोलिक कठिनाइले सडक लक्ष्य अनुसारको निर्माण भएन । त्यसैले आगामी आर्थिक वर्षका लागि सडक लाई नै पहिलो प्राथामिकतामा राखेको हौं ।' रेगीलदेखि गाउँपालिकासम्म जोड्ने सडक र मुम्रादेखि पनि गाउँपालिकाको कार्यालयसम्म जोड्ने सडक निर्माणको लागि बजेट विनियोजन गर्ने गाउँपालिका अध्यक्ष शाहीले बताए । जिल्लाको रास्कोट नगरपालिकामा आगामी आर्थिक बर्षको लागि २० करोड ८० लाख, तिलागुफा नगरपालिकामा २३ करोड ६० लाख, शुभकालिका गाउँपालिकाको १९ करोड ३९ लाख बजेट रहेको छ । त्यस्तै नरहरिनाथ गाउँपालिकाको २६ करोड ४८ लाख, १८ करोड ३४ लाख पचालझरना, १९ करोड ८२ लाख पलाँता गाउँपालिकाको रहेको छ । त्यस्तै महावै गाउँपालिकाको १३ करोड ५२ लाख रहेको छ । बजेट चालु आर्थिक


**बाँकी ८ पृष्ठमा..**


## नागरिकको घरदैलोमा प्रहरी



**मिसन न्यूज**

**डोल्पा-** बिग्रेको आफ्नो छबि सुधार्न यतिखेर नेपाल प्रहरी ग्रामीण बस्तीका घरदैलोहरुमा पुगेको छ । सामुदायिक सुरक्षाको पहिलो आधार स्थानीय जनता हुन भन्दै समुदाय र प्रहरीबीचको साझेदारीमा समाजमा हुने अपराध र अपराधजन्य समस्याको पहिचान र समाधानको लागि प्रहरी जनताको घरदैलोमा पुगेको हो ।

'नागरिक प्रहरी एक होऔ, अपराधमुक्त समाजको परिकल्पना गरौ, कसैको प्रगतिमा साथ दिऔं र कानूनी राज्यको विकास गरौं' भन्ने नाराका साथ नेपाल प्रहरी जनताको घरदैलोमा सन्देशमुलक जनचेतनामुलक जागरण अभियानका साथ नागरिकको घरदैलोमा पुगिरहेको छ । त्रिपुरासुन्दरी नगरपालिका-१ मा रहेको प्रहरी चौकीको आयोजनामा बिहीवार त्रिपुराकोटका ग्रमीण बस्तीहरुमा चेतनामुलक नारासहित प्रहरी जनप्रतिनिधि र सर्वसाधारणहरुको सहभागितामा र्याली निकालेर प्रहरी र


**बाँकी ६ पृष्ठमा....**



**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकोट**

# निर्यातमुखी अर्थतन्त्रविना गाउँपालिका विकास हुँदैन : सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष शाही



डम्बरबहादुर शाही

**कालिकोट**-जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका साविकका मुम्रा, मेहलमुडी र रकु गाउँ विकास समिति मिलेर बनेको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल १३६.७१ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकालाई नौवटा वडामा विभाजन गरिएको छ । गाउँपालिकाको कुल जनसंख्या १२ हजार ८४६ रहेको छ। यस गाउँपालिकामा गत वर्ष भएको स्थानीय तहको चुनावमा डम्बरबहादुर शाही नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट दुई हजार ११० मत ल्याएर विजयी बनेका थिए। २०४० भदौ १६ मा जन्मिएका उनै शाहीसँग एक वर्षमा गाउँपालिकाले गरेका काम, उपलब्धि, समस्या अनि योजनाका विषयमा गरेको कुराकानी प्रस्तुत छ । **तपाईले चुनावताका जनतासँग के त्यस्ता बाचा गर्नुभएको थियो र जिताए ?** जनतासँग मैले ठूलाठूला बाचा गरेको थिइनँ। ग्रामीण सडक निर्माण, स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका विषयमा गाउँपालिकालाई विकास गर्ने बाचा गरेको थिएँ । त्यसैले मलाई जनताले युवा, केन्द्रदेखि स्थानीय तहसम्म राम्रो सम्बन्ध भएको नेताका रूपमा बुझेका थिए । युवा भएका कारण यसले नै गाउँपालिकामा केही गर्न सक्छ भनेर जनताले मलाई विजयी गराए। अन्यभन्दा युवाहरूमा जनताको आशा र भरोसा धेरै हुने गरेका कारणले पनि मलाई जनताले विजयी गराएका हुन्। **तपाईंले चुनावमा गरेका बाचामध्ये केके पूरा भए ?** चुनावका बेला गरेका प्रतिबद्धता का आधारमा गाउँपालिकामा कृषि उत्पादनमा वृद्धि गर्ने लक्ष्य लिएका छौं। हामीले गाउँपालिकालाई नमुना गाउँपालिकाका रूपमा विकास गर्नका लागि 'सुन्दर र समृद्ध गाउँपालिका निर्माणको एक मात्र आधार : जैविक कृषि उत्पादन, पशुपालन र जडिबुटीको माध्यमबाट निर्यातमुखी अर्थतन्त्रको विकास नै हाम्रो सशक्त अभियान' सञ्चालन गरेका छौं । हामीले गाउँ परिषदबाट आर्थिक विकास एक करोड ९८ लाख ३५ हजार, सामाजिक विकास आठ करोड चार लाख, पूर्वाधार विकास नौ करोड १२ लाख ३७ हजार, वातावरण तथा विपद् व्यवस्थापन २२ लाख ४९ हजार, संस्थागत विकास तथा सेवा प्रवाह तीन करोड १२ लाख ८३ हजार, वित्तीय व्यवस्थापन र सुशासन ३० लाख ४० हजार रुपैयाँ बजेट विनियोजित गरेका थियौं । त्यसमध्ये प्राय काम पूरा भएका छन्। केही काम हुन बाँकी रहेका छन् । **तपाईंले गाउँको विकासका लागि केमा बढी प्राथमिकता दिनुभएको थियो ?** आर्थिक विकासको क्षेत्रमा गाउँपालिकामा उत्पादित कृषि र पशुजन्य उत्पादनले उचित सडक सञ्जालमा नजोडिएकाले राम्रो बजार पाउन नसकेको थिएन । सडक पूर्वाधारको राम्रो विकास गर्ने र लक्ष्यअनुसार यस क्षेत्रमा उत्पादित तरकारी, फलफूल तथा पशुजन्य उत्पादन दुग्ध र मासु उत्पादनले यस गाउँपालिकाका नागरिकहरूलाई व्यावसायिकतातर्फ उन्मुख गराउने लक्ष्य लिएका थियौं। ती कामहरू पनि अगाडि बढेका छन् । आगामी पाँच वर्षभित्र गाउँपालिकालाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाएर निर्यात गर्ने लक्ष्य राखेका छौं । यिनै आधारमा हाम्रो गाउँपालिका समृद्ध हुन सक्छ । अन्य आधारहरू पनि खोजिरहेका छौं। गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, जनजाति, पिछडा वर्ग, विशेष क्षमता भएका नागरिक तथा ज्येष्ठ नागरिकहरूको उत्थान र विकासमा विशेष जोड दिएर काम गरेका छौं। उनीहरूको क्षमता र सीपलाई आधार बनाएर विभिन्न कार्यक्रम पनि सञ्चालन गर्दै तथा योजनालाई अझ परिष्कृत गर्ने लक्ष्य लिएर काम गर्‍यौं । त्यसले सफलता पनि पाएका छन् । भौतिक पूर्वाधार विकास तर्फ गाउँपालिका क्षेत्रभित्रका सडकको ट्र्याक खोल्ने काम, गोरेटो, घोरेटो बाटो निर्माण गर्ने र सडकलाई मुख्य विकासको पूर्वाधार बनाउने सोचका साथ काम गरिरहेका छौं । सडक सञ्जाल भएन भने यहाँ उत्पादन भएका वस्तुहरूको बजारीकरणमा समस्या हुने हुँदा त्यसमा विशेष जोड दिएका छौं । सडक अहिले छवटा वडामा पुगिसकेको छ। बाँकी तीनवटा वडामा सडक अर्को आर्थिक वर्षमा पुर्‍याउने लक्ष्य राखेका छौं । **तपाईं गाउँपालिकाले पाँच वर्षभित्र के के उद्देश्य राखेको छ ?** कृषि व्यवसाय, पशुपालन, जडिबुटी उत्पादन र निकासी, पर्यटन, उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी सान्नी त्रिवेणी गाउँपालिकाको मेरुदण्डीय सडक रकु-मेहलमुडी-मुम्रा सडकको निर्माण गर्ने, जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकको नमुना गन्तव्य बनाउने, सबै वडा कार्यालयहरूलाई सडक सञ्जालले जोड्ने गरी यातायात

बाँकी ८ पृष्ठमा..


एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कालिकोट



## जनहितमा जारी सन्देश

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट



# मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकः पवित्र शाही
प्रवन्ध सम्पादकः निर्मला शाही
कम्प्युटर अप्रेटरः लिलाराज संञ्याल
बजार ब्यवस्थापकः निशा शाही
कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म-५ कालिकोट
www.missionenews.com



## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साझँ पख सधै ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पचाल झरना गाउँपालिकाको कार्यालय
कालीकोट

# कर्णाली प्रदेश : ७.४२ प्रतिशत मात्रै बजेट खर्च

**मिसन न्युज**

**सुर्खेत-** कर्णाली प्रदेश सरकारले चालू आर्थिक वर्षको तीन महिनाका लागि विनियोजन गरेको बजेट मध्ये हालसम्म ७.४२ प्रतिशत मात्रै खर्च गरेको छ । वैशाख १६ गते सरकारले एक अर्ब दुई करोड पाँच लाखको बजेट विनियोजन गरेको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार जेठ मसान्तसम्म सात करोड ५७ लाख ५२ हजार तीन सय ४ रुपियाँ १५ पैसा खर्च भएको छ । त्यो मध्ये चालूतर्फ पाँच करोड ४५ लाख ११ हजार ५७० रुपियाँ ४२ पैसा तथा पूजिगततर्फ दुई करोड २४ लाख  ७३३ रुपियाँ ७३ पैसा खर्च भएको छ । सरकारले चालूतर्फ ४३ करोड ९३ लाख तीन हजार र पूजिगततर्फ ५८ करोड ११ लाख ९७ हजार रुपियाँ विनियोजन गरेको थियो । जेठ मसान्तसम्मको विवरण अनुसार सबैभन्दा धेरै प्रदेशसभा सचिवालयले ३२.३७ प्रतिशत बजेट खर्च गरेको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालयले १.३३ प्रतिशत मात्रै खर्च गरेको छ । अर्थ मन्त्रालयले असारमा बजेट खर्च नगर्ने जनाइसकेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश संसद सचिवालयले चालूतर्फ एक करोड ७० लाख २१ हजार ४४७ रुपियाँ ५० पैसा खर्च गरेको छ भने पूजिगततर्फ ३२ लाख १९ हजार रुपैयाँ खर्च गरेको छ। सरकारले संसदका लागि छ करोड



२६ लाख ६५ हजार रुपैयाँ विनियोजन गरेको थियो । यस्तै न्यायाधिवक्ताको कार्यालयका लागि चालूतर्फ आठ लाख ५० हजार र पूँजीगततर्फ चार लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो। महान्यायाधीवक्ताको कार्यालयले पूजिगततर्फ एक रुपैयाँ पनि खर्च गर्न सकेन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई चालूतर्फ चार करोड २४ लाख ५९ हजार र पूँजीगततर्फ एक करोड पाँच लाख रुपैयाँ विनियोजन गरिएको थियो । जसमा चालूतर्फ ५४ लाख नौ हजार ७९५ र पूँजीगततर्फ २५ लाख ६२ हजार ५७१ रुपैयाँ खर्च भएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ७३ लाख २९ हजार ७९३ रुपियाँ खर्च गरेको छ। आन्तरिक मामिला मन्त्रालयका लागि चालूतर्फ तीन करोड ६६ लाख २० हजार र पूजिगततर्फ एक करोड ३५ हजार रुपियाँ छुट्याइएको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयले चालूतर्फ ५९ लाख ५२ हजार ४० रुपियाँ खर्च गरेको छ भने पूजिगततर्फ २२ लाख ७५ हजार १५८ रुपियाँ खर्च गरेको छ। आर्थिक मामिला मन्त्रालयका लागि चालूतर्फ चार करोड ६५ लाख ४६ हजार तथा पूजिगतपतर्फ एक करोड पाँच लाख रुपियाँ छुट्याइएको थियो। प्रदेश लेखा नियन्त्रण कार्यालयका लागि सरकारले चालुतर्फ १० लाख १० हजार विनियोजान गरेकोमा एक लाख २९ हजार २०७ रुपैयाँ मात्रै खर्च भएको छ। सरकारले लेखा नियन्त्रण कार्यालयका लागि पूँजीगततर्फ भने बजेट छुट्याएको थिएन्। यस्तै उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई चालुतर्फ दुई करोड ८२ लाख ६५ हजार रुपैयाँ र पूँजीगततर्फ पाँच करोड ५१ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको थियो। जसमा चालूतर्फ ४१ लाख ५१ हजार ९०५ रुपैयाँ र पूँजीगततर्फ २० लाख १६ हजार ६७७ रुपैयाँ बजेट खर्च भएको छ। भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले चालूतर्फ ६३ लाख ५१ हजार ९२२ र पूँजीगततर्फ ४३ लाख ६७

बाँकी ८ पृष्ठमा.....

**कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**शुभकालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**सम्पुर्णमा हाम्रो अनुरोध**

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

@lgoGl0f ug{g; ls g]89ĥfĥfQ{k|t cḷgLlj wL-Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake), चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**तिलागुफा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**


# स्वास्थ्य

## स्तन क्यान्सर रोक्छ आँपले



यति बेला आँपको सिजन छ । फलको राजा मानिने आँप विश्वभरिमा सबैभन्दा रुचाइएको फल पनि हो । गर्मी याममा पाइने आँपलाई शास्त्रमा अमृत फलसमेत भनिएको छरु। यो काँचो वा पाकेको दुवैमा औषधीय गुण हुन्छ । आयुर्वेदका अनुसार आँपका पाँचै भाग अर्थात् बोक्रा, जरा, पात, फल र फूल सबै उपयोगी छन् । पाकेको आँप गुलियो, वीर्य बढाउने, पौष्टिक, वायुनाशक, शरीरको कान्ति बढाउने, शीतल, पित्तनाशी, भोक बढाउने मानिन्छ ।

यसले मुटुलाई बलियो बनाउनुको साथै पित्तलाई नियन्त्रणमा ल्याउनेसमेत मानिन्छ । आँपको रस भने बल दिने, वायुनाशक, मुटुलाई तृप्त गर्ने र कफवर्द्धक मानिन्छ । पाकेको आँपमा प्रोटिन, बोसो, खनिज पदार्थ, कार्बोहाइड्रेड, क्याल्सियम, फस्फोरस, फलाम, भिटामिन 'ए', 'सी' र 'बी' लगायत हुन्छ । पाकेको आँप पोषक, शक्तिवर्द्धक र बोसो बढाउने खालको मानिन्छरु। आँपको मुख्य घटक सर्करा हो, जो विभिन्न फलमा ११ देखि २० प्रतिशतसम्म विद्यमान रहन्छ । यसमा पाइने मुख्यत : चिनी आँपको खान योग्य खण्डको ६.७८ देखि १६.९९ प्रतिशतसम्म हुन्छरु। ग्लुकोज र अन्य सर्करा भने १.५३ देखि ६.१४ प्रतिशतसम्म हुन्छ । यसमा टार्टकि र मेलिक अम्लसमेत पाइन्छ । साइट्रिक अम्ल भने अल्प मात्रामा रहन्छरु। यो अम्लको शरीरद्वारा उपयोग गरिन्छ र शरीरमा क्षारीय सञ्चय कायम राख्नमा सहयोगी हुन्छन् । आँपको अन्य घटकमा प्रोटिन ९.६, बोसो ०.१, खनिज पदार्थ ०.३, रेसा १.१, फस्फोरस ०.०२, र फालम ०.३ प्रतिशत रहन्छ । आँपको १ सय ग्राममा औसत ऊर्जा करिब ९० क्यालोरीसम्म हुन्छरु। वैज्ञानिकहरूले आँप खानाले स्तन क्यान्सरबाट बचाउ हुनेसमेत जनाएका छन् । टेक्सास एग्रिलाइफ रिसर्च फुडका वैज्ञानिकले अनुसन्धानमा यसलाई अन्य फलहरूको दाँजोमा स्तन क्यान्सरबाट बचाउ गर्नमा बढी फाइदाकारी मानेका छन् । यस्तै आँप छाला च्याउरी पर्नबाट रोक्नसमेत प्रभावकारी मानिन्छ ।


**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय

सुचना विभाग



**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।**

**पलाँता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

कालिकोट



## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकोट**

# तिलागुफा नगरपालिकाको बजेट : विद्युत, सडक र कृषिलाई प्राथमिकता

**मिसन न्यूज**

**कालिकोट-** जिल्लाको तिलागुफा नगर पालिकाले आगामी आर्थिक वर्ष २०७५।२०७६ को बजेटमा विद्युत, सडक र कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । जिल्लाका तीनवटा नगरपालिका तथा ६ वटा गाउँपालिकामध्ये पहिलोपटक नगर सभाको आयोजना गरी बजेटमा विद्युत, सडक र कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको हो। तिलागुफा नगर पालिका प्रमुख रतनबहादुर शाहीको अध्यक्षता, जेष्ठ नागरिक ८० वर्षीया बलबहादुर शाहीको प्रमुख आतिथ्यमा भएको चौथो नगरसभामा नगरपालिका उप-प्रमुख दर्शना नेपालीले आगामी आर्थिक वर्ष २०७५र२०७६ को कुल ३५ करोड, ३५ लाख ७० हजार बजेट सार्वजानिक गर्दै बजेटमा विद्युत, सडक र कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको जानकारी गराइन्। उनले भनिन्,' स्थानीय सरकारमा प्रयाप्त बजेट अभावका कारण जनताको अपेक्षाअनुसार विभिन्न योजनामा बजेट अपुग भएको छ। संविधानमा ८० प्रतिशत अधिकार दिएको स्थानीय सरकारलाई सरकारले २० प्रतिशत मात्र बजेट दिएको छ । उनले भनिन्,'सरकारले ८० प्रतिशत अधिकार क्षेत्र रहेको स्थानीय सरकार लाई २० प्रतिशत मात्र बजेट दिएर अन्याय गरेको छ । ८० प्रतिशत अधिकार भएको स्थानीय सरकारलाई बजेट पनि ८० प्रतिशत दिनुपर्छ। अनी स्थानीय सरकारले जनताका अपेक्षा पूर्णरुपमा सम्बोधन गर्न सक्छन्।



आगामी आर्थिक वर्षका लागि बिनियोजित बजेट प्रस्तुत गर्दै नगर उप-प्रमुख दर्शना नेपाली

गाउँपालिका उप(प्रमुख नेपालीका अनुसार तिलागुफा नगरपालिकाको कुल बजेट ३५ करोड ३५ लाख ७० हजार मध्ये ससर्त अनुदानमा १८ करोड ५७ लाख ८९ हजार, निसर्त अनुदानमा १६ करोड ७७ लाख ८१ हजार र चालु आर्थिक वर्षको आन्तरिक आय १० लाख रहेको छ । उनका अनुसार नगरले आगामी आर्थिक वर्षमा आन्तरिक आयलाई बढाउन तिला नदीमा माछा पालन व्यवसायको व्यवस्था गर्ने, युवा उद्यमशीलतामा जोड दिने, नगरको र ाजस्वलाई व्यवस्थीत गर्ने कार्ययोजना बनाइने छ । यस्तै नगरका पर्यटकीय क्षेत्रको प्रवर्द्धन, पशुपालन व्यवसायलाई प्रवर्द्धन, सरकार, सहकारी र नीजि क्षेत्रको साझेदारी बढाउने, बन संरक्षण, वन पैदावारको व्यवस्थीतरुपमा संकलन, नगरका सबै प्राकृति श्रोतको सही सदुपयोग, मुस्कानसहित नगरका सार्वजानिक सेवा, खाद्यान्न बाली उत्पादनमा जोड, रैथाने बालीको संरक्षण र बजारीकण, अर्गानीक कृषि उत्पादनमा जोड, नगरका हरेक वडामा एक घर एक खानेपानी धारा, सडकको स्तोरोन्नती गर्ने नीति तथा कार्यक्रम तय गरिएको छ । यस्तै नगरका सबै खोलामा झोलुंगे पुल, नगरमा १५ शैयाको अस्पताल, हरेक माविमा प्राविधिक शिक्षा पढ्न पाउने व्यवस्था, नाग्मागाड, तिलनलगायतका खोलामा विद्युत उत्पादन, गाउँ सहरीकरण, लैंगिक विभेद, जातीय विभेदको अन्त्य, सूचना प्रविधि मैत्री नगर, कृषि क्षेत्रमा यान्त्रीकर ण, लक्षित वर्गमा उद्यमशीता र भ्रष्टचार मुक्त नगर बनाउने जनाइएको छ। यस्तै नगरले पहिलो वर्षमा ११ वडामध्ये १० वडामा सडक संजाल, नगरबारे २१ वटा कानुन कार्यान्वयन, नगरमा मुस्कान सहितको सार्वजनिक सेवालगायतको उपलब्धी भएको नगर प्रमुख रतनबहादुर शाहीले बताए। उनका अनुसार आगामी आर्थिक वर्षमा नगरका सबै वडामा सडक र विद्युत, सबै वडामा स्वास्थ्य इकाइ, सबै वडामा एक उद्यमी समूह बनाउने योजना बनाइएको छ। यस्तै नगर को सबै क्षेत्रको गुरुयोजना बनाइ कार्यन्वयनमा ल्याउने उनको भनाई छ।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
कालिकोट

## नागरिकको.............................

नागरिकको सम्बन्धका बारेमा एकापस बीच जानकारी लिनेदिने काम भएको थियो। प्रत्येक जनताको घरदैलोमा प्रहरी कर्मचारी पुगी सुरक्षा सरोकारका बिषयमा जनतालाई सुसूचित गराउन तथा बस्तुगत परिस्थितीको जानकारी लिने पद्धतिमा सहज बातावरणको बिकास गर्न र नागरिकमैत्री प्रहरीको रुपमा छबि बिस्तार तथा सुधार गर्ने उद्देश्यका साथ टोल टोलमा प्रहरी अभियान संचालन गरिएको प्रहरी चौकी त्रिपुराकोटका इन्चार्ज प्रहरी नायव निरीक्षक रोमहर्ष सिजवालले बताए।


## तिलागुफाको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**पहाडी साना किसानका लागि अनुकुलन आयोजना (आसा) कालिकोट**


## रास्कोट नगरपालिकाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**



*एक घर एक करेसावारीको स्थापना गरौं। स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट**



## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु


| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# कालिकोटका दुई नगरपालिकाले मात्र ल्याए बजेट, अन्य स्थानीय तहमा सुरसारै छैन

**मिसन न्यूज**

**कालिकोट**-३ नगरपालिका र ६ गाउँपालिका रहेको कालिकोटमा दुई नगरपालिकाकाले मात्र आर्थिक वर्ष २०७५।०७६ को बजेट ल्याएका छन् । तिलागुफा नगरपालिका र रास्कोट नगरपालिकाले बजेट ल्याएका हुन् । अन्य गाउँपालिका र नगरपालिकाले अहिलेसम्म नीति तथा कार्यक्रम नै ल्याउन नसकेका हुन् । तिलागुफा नगरपालिका र रास्कोट नगरपालिकाले ल्याएको नीति कार्यक्रममा पूर्वाधार विकास, कृषि, विद्युत, सडक, खानेपानी, शिक्षा र रोजगारीलाई प्राथमिकता दिएका छन् ।

**रास्कोट नगरपालिका प्राथमिकता मा एक व्यक्ति एक सीप, एक व्यवसाय**-रास्कोट नगरपालिकाले २९ करोड १६ लाख ५४ हजार ५२० रुपैयाँको बजेट नगरसभामा पेश गरेको छ । बजेटमा 'एक व्यक्ति एक सीप, एक व्यवसाय'को नीति अवलम्बन गरिएको छ । कृषि, सुपथ मूल्य पसल, मदिरा निषेधित क्षेत्रलगायत विषयलाई प्राथमिकतामा राखिएको छ । जन्म, मृत्यु,



विवाह दर्ता लगायत दर्ता गर्दा बिरुवा रोपेको प्रमाणपत्र अनिवार्य ल्याउनु पर्ने नीति कार्यक्रम ल्याइएको छ । 'कृषिमा कोल्ड स्टोर, अनिवार्य कृषि बीमा, सौर्य उर्जा, वायु उर्जा लगायत विषय समटेर बजेट ल्याएका छौं', रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालले भने, 'यसलाई नगरसभाबाट छलफल गराएर कार्यान्वयनमा ल्याइने छ ।' **तिलागुफा नगरपालिका**-नगरपालिकाले पनि आफ्नो बजेटमा रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रममार्फत आत्मनिर्भर बनाउन विशेष पहल गर्ने, भौतिक पूर्वाधार र जलविद्युतको विकासद्वारा दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी न्यूनीकरणमा जोड दिने उल्लेख गरेको छ । आर्थिक स्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता बढाउनेतर्फ विशेष पहल गर्ने, जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दिगो विकासको अवधारणा आत्मसात गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रवर्धनमा जोड दिने नीतिका साथ आर्थिक वर्षको बजेट ल्याइएको छ ।

**कालिकोटका दुई स्थानीय तहका प्राथमिकताहरू-**

१. लक्षित वर्गलाई आत्मनिर्भर बनाउन उद्यमशीलताको विकास गर्ने ।

२. स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।

३. जलविद्युत् तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने ।

४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।

५. पर्यटन प्रवर्धनको माध्यमद्वारा आर्थिक विकासमा जोड दिने ।

६. सञ्चालित आयोजनाहरूको एकीकृत र सघन अनुगमन प्रणालीमार्फत प्रभाव कारिता र गुणस्तर अभिवृद्धि गर्ने ।

७. स्थानीय सुशासन प्रवर्धनमा जोड दिने । थाहा खबरबाट


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइदिएपछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## कर्णाली प्रदेश :............................

हजार ३४९ रुपैयाँ बजेट खर्च गरेको छ । मन्त्रालयका लागि चालुतर्फ तीन करोड ५२ लाख ७७ हजार र पूँजीगततर्फ ६ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको थियो । भौतिक तथा पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा कम खर्च गरेको छ । मन्त्रालयले चालूतर्फ २५ लाख २२ हजार ६४९ र पूँजिगततर्फ दुई लाख ९२ हजार ८३१ रुपियाँ खर्च गरेको छ । भौतिक पूर्वाधार मन्त्रालयका लागि चालूतर्फ दुई करोड १६ लाख ६६ हजार तथा पूँजिगत खर्चका लागि १८ करोड ९९ लाख ५० हजार रुपियाँ छुट्याइएको थियो । सामाजिक विकास मन्त्रालयले हालसम्म चालूतर्फ ७३ लाख १९ हजार ४८३ रुपियाँ तथा पूँजीगततर्फ ४५ लाख ९६ हजार ५६० रुपैयाँ खर्च गरेको छ । सरकारले मन्त्रालयका लागि चालूतर्फ चार करोड दुई लाख ४५ हजार र पूँजीगततर्फ तीन करोड ७८ लाख रुपैयाँ विनियोजन गरेको थियो । यस्तै भैपरी आउने खर्चका लागि चालूतर्फ १४ करोड ९३ लाख तथा पूजिगततर्फ १७ करोड २२ लाख ९७ हजार रुपियाँ विनियोजन गरेको थियो। यो रकम जेठ समान्तसम्म खर्च हुन नसकेको मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले आर्थिक वर्ष २०७५।०७६ को बजेटमा चालू आर्थिक वर्षको बचत भन्दै ५० करोड रुपियाँ मात्रै समावेश गरेको थियो । आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले आर्थिक वर्ष २०७५।०७६ को बजेट प्रस्तुत गर्दा ५० करोड अनुमान गरिए पनि धेरै रकम बच्ने देखिएको बताए ।

## आगामी बजेट............................

वर्षको तुलनामा सरकारले केहि प्रतिशत घटाएर पठाएको छ । चालु आर्थिक वर्षमा नौ तहमध्ये खाँडाचक्र नगरपालिकामा २६ करोड ८६ लाख २० हजार, रास्कोट नगरपालिकामा २० करोड ९० लाख ६८ हजार, तिलागुफा नगरपालिकामा २३ करोड ४४ लाख ८२ हजार विनियोजन गरेको थियो । त्यस्तै ६ वटा गाउँपालिकाका लागि नरहरिनाथ गाउँपालिकामा २६ करोड १८ लाख ९८ हजार कालिका गाउँपालिकामा १८ करोड ७० लाख ३५ हजार, पलाँता गाउँपालिकामा २२ करोड १२ लाख ४० हजार, सान्नी त्रिवेणी गाउँपालिकामा १८ करोड ६७ लाख ८४ हजार, पचालझरना गाउँपालिकामा १९ करोड १८ लाख ९६ हजार, महावै गाउँपालिकामा १६ करोड ७७ लाख ५० हजार रकम विनियोजन गरिएको थियो । चालु आर्थिक बर्षमा पनि सडक नै स्थानीय तहको पहिलो प्राथमिकतामा रहेको थियो ।

## निर्यातमुखी अर्थतन्त्रविना गाउँपालिका.....................

गुरुयोजना तयार गर्ने, एक टोल एक उत्पादन अवधारणाअनुरूप राष्ट्रिय भूउपयोग नीतिअनुसार कृषि क्षेत्रमा जमिनको विभाजन गर्ने गर्ने लक्ष्य लिएका छौं। गाउँपालिकामा रहेको स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी अस्पतालको रूपमा विकास गर्ने, सबै विद्यालयहरूमा गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने लक्ष्यसहित अहिले ई-हाजिरीको सिस्टम विकास गरेका छौं । त्यस्तै, प्राविधिक शिक्षा दिन प्राविधिक विद्यालयको स्थापना गरेका छौं। खानेपानीमा सबैलाई स्वच्छ पिउने पानी पुर्‍याउने अवधारणाअनुरूप सबै टोलमा खानेपानी उपलब्ध गराउने, पूर्ण सरसफाइयुक्त गाउँ निर्माण गर्ने, बालमैत्री र वातावरणमैत्री गाउँ निर्माण, बालविवाह, छाउपडी र बालश्रममुक्त गाउँ घोषणा गर्ने लक्ष्य राखेर काम अगाडि बढाएका छौं । गाउँपालिकालाई समृद्ध बनाउने आधार के के हुन् ? हाम्रो गाउँपालिका समृद्ध हुने आधार माथि नै भनिसकें । तिनै आधारका आधारमा गाउँपालिकालाई समृद्ध बनाइनेछ। अर्को आधार जलविद्युत हो । अहिले हाम्रो गाउँपालिका नै उत्पादन भएको ५०० किलोवाटको जलविद्युतले सदरमुकाम र एउटा नगरपालिकाका साथै गाउँपालिका केही ठाउँमा विद्युत बलेको छ। त्यसलाई जोगाई राख्नका लागि विशेष ध्यान दिएका छौं ।

## ज्ञानमाला

१ सरकारले जलविद्युतमा २० बर्षे महत्वकांक्षि योजना कहिले ल्यायो ?
-२०६७ असार ३०
२ निजमती कर्मचारिलाइ कहिले देखि अनिबार्य ड्रेस कोडको ब्यबस्था गरियो
-२०६८ श्रावण १ देखी
३ लिङग परिवर्तन गर्ने पहिलो नेपाली को हुन ?
- प्रतिक पन्त (अहिले केटलिन पन्त)
४ नेपालको किलर माउन्टेन कुन हो ?
- मनासलु (८,१६३ मि)
५ लियोनल मेसि लगातर कति पल्ट फिफा बर्ष खेलाडी घोषित भए ?
- ४ पल्ट
६ नेपालको पहिलो बिद्युतिय पुस्ताकलय कुन हो ?
- बाशुदेव ढुङ्गना बिद्युतिय पुस्तकालय
७ हाल नेपालमा मन्त्रालय र विभागहरुको संख्या कति रहेको छ ?
-२७ मन्त्रालय र ६३ विभाग
८ सगरमाथाको चुचुरोमा सबैभन्दा कम उमेरमा पुग्ने महिला को हुन ?
- नीमा चेन्जी (सोलुखुम्बु (१६ बर्ष)
९ नेपालका बिद्यालयलाइ कहिले शान्ती क्षेत्र घोषणा गरियो ?
- २०६८ जेष्ठ ११
१० विश्वमा भंगेरा दिवश कहिले मनाइन्छ ?
- मार्च २० मा
११ फर्पिङ जलविद्युत आयोजना नेपालको पहिलो हो भने एसियाको कतिऔं हो ?
- दोश्रो


## क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालीकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषताहरु

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com